# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

**कृषि अनुदान कार्यक्रममा सहभागी हुन प्रस्तावना आव्हान सम्वन्धि सूचनाको म्याद थप सम्वन्धमा**

सूचना प्रकाशित मितिः २०७८।०२।२६

यस गाउँपालिकाको मिति २०७८/०१/१७ मा कृषि अनुदान कार्यक्रममा सहभागी हुन प्रस्तावना आव्हान सम्वन्धि सूचना प्रकाशन गरिएकोमा कोभिड-१९ को कारण उक्त प्रस्तावनाको समयावधि भित्र प्रस्तावना पेश गर्न नपाएकाहरुको लागि सोहि सूचनामा उल्लेख भए वमोजिमको आवश्यक कागजात र तोकिएको मापदण्ड भित्र रहि यहि मिति २०७८/०३/०२ सम्मको लागि प्रस्तावना पेश गर्ने म्याद थप गरिएको ब्यहोरा सरोकारवाला सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७८।२।२६

बिनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कपिलाकोट, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

मिति: २०७८/०१/१७

**कृषि अनुदान कार्यक्रममा सहभागी हुन प्रस्तावना आह्वान सम्बन्धी सूचना**

यस गाउँपालिकाको चालु आ.व. ०७७/७८ को कृषि कार्यक्रम तर्फको स्वीकृत विनियोजित रकमवाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकहरुको जिवनस्तर सुधारको लागि कृषि अनुदान कार्यक्रम संचालन हुने भएकोले गठित इच्छुक कृषक समुह/कृषि फर्महरुले निम्न शर्तहरुको अधिनमा रहि १५ दिन भित्र प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी ।
२. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. प्रस्तावना पेश सम्बन्धी निर्णयको प्रतिलिपि (समुह/सहकारीको हकमा मात्र) ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

कृषि अनुदान प्राप्त गर्न तोकिएको मापदण्ड

१. अनुदान माग गर्ने कृषक समुह वा कृषि फर्म गाउँपालिका भित्र स्थापना भइ निरन्तर संचालनमा रहेको हुनु पर्नेछ ।
२. कृषक समुह वा कृषि फर्म गाउँपालिका वा घरेलु कार्यालयमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ ।
३. अनुदान माग गर्ने कृषक समुह वा कृषि फर्मले प्रस्तावित कार्यक्रमको स्पष्ट परिचय लक्ष्य , उद्देश्य सहित कार्यक्रम कार्यान्वयन योजना सहितको प्रास्तावना पत्र पेश गर्नु पर्नेछ ।
४. अनुदान माग गर्ने कृषक समुह वा कृषि फर्मले प्रस्तावित प्रस्तावना पत्र साथ सम्वन्धित वडाको सिफारिस पत्र पेश गर्नु ।

थप जानकारीको लागि मरिण गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

७८/१/१६

**विनोद पोखरेल**
प्रमुख प्रशासकीय अधिकृत